# येशू ख्रीष्टको पुनरुत्थान

फ्रियाङ्किलीनद्धारा

कलस्सी १:१८ उहाँ शरीर, अर्थात मण्डलीका शिर हुनुहुन्छ, **उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरुबाट जीवित हुनेहरुमा उहाँ जेष्ठ हुनुहुन्छ**, ताकि प्रत्येक कुरामाथि उहाँ **सर्वोच्च** होऊन् ।

उहाँ निम्न व्यक्तिहरुका लागि **सुरु** हुनुहुन्थ्यो :

- एक जाना मानिस जो बेथस्दाको जल कुण्डमा ३८ वर्षसम्म बिरामी थिए (यूहन्ना ५:२–१७)।
- एक जाना पक्षाघातिलाई खाट सहित येशू कहाँ ल्याइएको (मत्ती ९:१–८)।
- १२ वर्ष देखि रगत बगेकी स्त्री ( मत्ती  ९:२०–२२) ।
- सभाघरका एउटा शासककी छोरी जो मरेकी थिई ( मत्ती  ९: १८, २३–२६)।
- दुई अन्धाहरु जो देख्ने भएका थिए ( मत्ती  ९: २७–३१)।
- दुष्ट आत्माबाट सताइएको मानिस जो बोल्न सकेको थिएन ( मत्ती  ९: ३२–३३)।

मत्ती  ९:३५–३६ येशू **समस्त** शहरहरु र गाँऊहरु तिर तिनीहरुका सभाघरहरुमा **शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै** र हरेक किसिमका रोग र **दुर्बलताहरु निको पार्दै** हिँड्नुभयो । तर भीडलाई देखेर उहाँको हृदय तिनीहरुका निम्ति **दयाले** भरियो । किनभने तिनीहरु गोठालाविनाका भेडाहरु जस्तै हैरान र असहाय भउका थिए ।

उहाँ निम्न व्यक्तिहरुका लागि **सुरु** हुनुहुन्थ्यो :

- दश कुष्ठरोगीहरु जो निको पारिएको थियो (लूका १७:११–२०)
- एक जाना कप्तानको एक नोकर जो निको परिएको थियो  (लूका ७:१–१०)
- विधुवाको छोरो मृत्युबाट जीवित परिएको (लूका ७ : १२–१५)
- लाजरस जसलाई उहाँले मृत्युबाट जीवित पार्नुभएको थियो (यूहन्ना ११)
- एक जाना मानिस जो जन्मदै अन्धो थियो (यूहन्ना ९:१–७)
- बारतिमैको आँखा देख्ने भएको (मर्कूस १० : ४६–५२)

तर अहिले **शुक्रवारको** दिन थियो        येशूलाई **पक्रिएको** थियो ।

भीडले “क्रूसमा टाँग्नुहोस् !   **क्रूसमा टाँग्नुहोस्** ! ” भन्दै चिच्च्याउन लागे ।

यूहन्ना १९:१–६,   १४–१८

पहिलो ३ घण्टासम्म येशू क्रूस माथि हुनुहुन्थ्यो – उहाँ परमेश्वरको थुमा हुनुहुन्थ्यो, जो पवित्र र दोष रहित थियो ।

## यो प्रेमको सर्वोच्च उदाहरण हो

### १. उहाँको पहिलो शव्द – क्षेमा

लूका २३:३४ अनि येशूले भन्नुभयो, "हे पिता, यिनीहरुलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरुले के गर्दैछन् सो जान्दैनन् ।" **प्रेमले क्षमा दिन्छ!**

लूका २३:३५–३९ मानिसहरु उभिएर हेरिरहेका थिए । शासकहरुले उहाँको ठट्टा गर्दै भने, "यसले अरुलाई बचायो, यो परमेश्वरका खीष्ट तथा उहाँका चुनिएका जन हो भने यसले **आफैलाई बचाओस्** ।" सिपाहीहरुले पनि आएर उहाँलाई सिर्का दिँदै यसो भनेर गिल्ला गरे, "तँ यहूदीहरुका राजा होस् भने **आफूलाई बचा**"। "यो यहूदीहरुको राजा हो" भन्ने दोष पत्र पनि उहाँको मास्तिर थियो ।क्रूसमा टाँगिएका अपराधीहरुमध्ये एक जना अपराधीले उहाँको अपमान गर्दै भन्यो, "के तिमी खीष्ट होइनौ ? **तिमी आफैलाई र हामीलाई बचाऊ** ।"

**प्रेमले भड्काउदैन ।** **आफैलाई बचाउँदैन तर अरुलाई बचाउँछ ।**

### २. प्रेमले त्याग्दैन, कहिले छोड्दैन, सधैं प्रावधान गर्छ

लूका २३:४३ उहाँले त्यसलाई भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ ।"

### ३. प्रेमले प्रदान गर्छ – अरुको हेरविचार गर्छ ।

यूहन्ना १९: २६–२७ जब येशूले आफ्नी आमालाई र उहाँले माया गर्नुहुने चेला नजिकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, **"नारी, हेर्नुहोस्, तपाईको छोरो !"** तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, "हेर, तिम्री आमा!" त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे ।

अन्तिम ३ घण्टामा क्रूसमा येशू : हाम्रो लागि पाप बन्नुभयो : पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो ।

२ कोरिन्थी ५:२१

### ४. प्रेमले सबै कुरा सहन्छ

मत्ती २७ : ४६ तीन बजेतिर येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी ?" अर्थात, "हे मेरे परमेश्वर, **मलाई किन त्याग्नुभएको छ** ?"

उहाँ तिम्रो र मेरो लागि पाप बन्नुभयो । सम्पुर्ण अनन्तमा पहिलो पटक **हाम्रो पापले उहाँलाई उहाँका पिताबाट विखण्डित** गऱ्यो । यशैया ५९:२

### ५. प्रेमले आफ्नो आवश्यकताको अघि अरुको आवश्यकतालाई राख्छ

यूहन्ना १९:२८ यसपछि येशूले सबै कुरा अब सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, **"मलाई तिर्खा लाग्यो** ।"

### ६. प्रेम विजय हुन्छ – कहिले हारदैन – उदेश्यलाई पुरा गर्छ, मुल्यको वास्त गर्दैन

यूहन्ना १९:२९–३० त्यहाँ सिर्काले भरिएको एउटे भाँडो राखिएको थियो । यसकारण सिर्काले भरिएको स्पञ्ज एउटे हिसपको हाँगामा राखेर तिनीहरुले उहाँको मुखमा पुऱ्याइदिए । जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, **"अब सिद्धियो**," र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो ।

### ७. प्रेम परमेश्वरमा समर्पित हुन्छ र उहाँको प्रेमिलो हातमा आफै माथि पूर्ण भरोसा गर्छ ।

लूका २३ : ४६ उच्च सोरले कराएर येशूले भन्नुभयो, "हे पिता, म मेरो आत्मा तपाईको हातमा सुम्पन्छु ।" यति भनेर उहाँले आफ्नो प्राण त्यागिदिनुभयो ।

तब सिपाहीहरु आएर उहाँसँग क्रूसमा टाँगिएकाहरुका खुट्टे भाँचे, पहिले एक जनाका, त्यसपछि अर्काका । जब तिनीहरु येशूकहाँ आए तिनीहरुले देखे, कि उहाँको मृत्यु अघि नै भइसकेको रहेछ, र उहाँका खुट्टे भाँचेनन् । तर सिपाहीहरुमध्ये एक जनाले उहाँको कोखमा **भालाले घोच्यो**, र तुरुन्तै **रगत र पानी** निस्क्यो ।

यूहन्ना १९ : ३०, ३२–३४ लूका २३ : ४६

लूका २३:४८–४९ यो दृश्य हेर्न जम्मा भएका सबै मानिसहरुले यी सब देखे र आ–आफ्ना छाती पिट्दै घर फर्के । तर उहाँका चिनाजानीहरु र गालीलबाट उहाँको पछिपछि आउने स्त्रीहरु टाढे उभिएर यी घटनाहरु हेरिरहे ।

सकिसकेको थियो उहाँको मृत्यु भईसकेको थियो – कुनै आशा नै थिएन – उदास ।

- चेलाहरु अन्योलमा थिए/रुदै/सबै आशा गईसकेको थियो/उनीहरु डरमा थिए र लुकिरहेका, यो डरमा कि उनीहरुलाई पनि क्रूसमा टाँगिन्छन् भनेर ।
- सिपाहीहरु आफ्ना ठाउँमा गई सकेका थिए, उनीहरुको मनोरञ्जन सकिसकेको थियो ।
- पुजारीहरु र भीडले एकअर्कालाई बधाई दिए किनकि उनीहरुले त्यस व्यक्ति जसले उनीहरुको धार्मिक समस्या गराई रहेका थिए र उनीहरुका खराब कामहरुलाई पर्दाफास गरिरहेका थिए उसको अन्त्य गरिदिएका थिए ।
- शैतानहरु नर्कमा उत्सव मनाई रहेका थिए जसै उनीहरुले यो सोचे कि जे ठिक र सहि छ त्यस माथि उनीका खराबले विजय पएका छन् भन्ने विचार गरेर ।

(कविता)

शैतानले प्रसन्न आशामय भएर हेरे, – जसै परमेश्वरका पुत्रलाई कलवरीमा लगिदै थियो । शैतानले ठूलो प्रसन्नतामा हेर्छ –उनीहरु अछुट सत्रु रुखमा टाँगिएको ।

शैतानको विजयको आश्वासन अझैं माथि बढ्दै गयो; जब उनी छक्क परे, धार्मिक चाहिँ, पाप सहित भरियो । र मृत्युले साहस साथ जीवनलाई समात्यो र मार्नलाई भित्र पस्यो ।

सृष्टिकर्ता मर्दै हुनुहुन्थ्यो, अन्धकार र अराजकताले उहाँका कामहरुलाई ढाकिदियो । पृथ्वी हल्लीदै थियो, चट्टानहरु फुट्दै थिए र शैतानले स्वाँग पारेर हेर्यो ।

यद्यपि फेरि पनि, मृत्युले सर्वोच्चसम्मै शासन गर्‍यो, उनीहरु एक भयानक समुह थिए । जसै शैतानहरु रमाएर कराउँन थाले, शैतानको शान नयाँ उचाईमा पुग्यो ।

शुक्रवारको दिन थियो, सकिसकेको थियो ।

- शैतान, पाप र मृत्युले वास्तबमा जितेका थिए ।

शनिवार, विश्रामको दिन । सबै शान्त थिए

- चेलाहरु डरले लुकि रहेका थिए ।

जसै उनीहरुले देखेका कुरा बारे उनीहरुले कानेखुसी गरेका थिए . . . त्यस पछि उनीहरुले येशू खीष्टले भन्नुभएको कुरा सम्झे :

"तेस्रो दिनमा म मृत्युबाट जीवित हुनेछु"

सायद . . . भोलिको लागि सानो आशाको किरण छ होला . . . . .

आईतवार – पुनरुथाको दिन आयो !

- पृथ्वी हल्लीन थाल्यो . . .
- शैतानमा डरले प्रवेश गर्‍यो
- चिहान परमेश्वरको उपस्थितीको महिमाले भरियो ।
- यो यति धेरै शक्तिसाली थियो कि वरिपरि भएका अन्य चिहानहरु पनि खुलिए र धेरै शैतानका शरीरहरु जुन सुतेका थिए ती बिउँझिए र यरुशलेमका सडकहरुमा हिँडे र धेरैले यो देखे । (मत्ती २७ : ५१–५३)
- र उहाँ ती स्त्री जो चिहानमा आएका थिए उनको सामु प्रकट हुनुभयो (लूका २४ : ५–६) इमावसका सडकमा दुई जना । उहाँ केफास कहाँ देखापर्नुभयो, त्यस पछि बाह्र चेलाहरु कहाँ । त्यस पछि उहाँ पाँच सय भन्दा बढी भाइहरु

कहाँ एकैपटक देखापर्नुभयो, त्यस पछि उहाँ याकूब कहाँ देखापर्नुभयो, त्यस पछि सबै प्रेरितहरु कहाँ (१ कोरिन्थी १५ : ५–७) ।

## उहाँ पुनरुत्थानहुनुभयो !! येशू ख्रीष्ट जीवित हुनुहुन्छ

- पाप आधिकारिक र कानुनी रुपमा क्षमा गरियो !
- पाप, मृत्युको शक्ति हटाईयो !
- पापको ज्याला तिरीयो !
- मृत्युको शक्तिलाई तोडियो – यसले परमेश्वरको पुत्रलाई पक्रिराख्न सकेन ।
- अब शैतान शक्ति हिन भएको थियो

## येशू ख्रीष्ट मृत्युबाट पुनरुत्थानहुनुभएको थियो

## उहाँ जीवित हुनुहुन्थ्यो !

### उनीहरुले नयाँ सुरुवातको अनुभव गरे – पुनरुथानको दिनमा

यूहन्ना २०:१९–२३ त्यही दिन, अर्थात हप्ताको पहिलो दिनको साँझ, जब यहूदीहरुको डरको चेलाहरु ढोकाहरु बन्द गरेर भित्र बसेका थिए, येशू आएर तिनीहरुका माझमा उभिनुभयो, र तिनीहरुलाई भन्नुभयो, **"तिमीहरुलाई शान्ति!"** यति भनेर उहाँले तिनीहरुलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो । प्रभुलाई देखेर चेलाहरु अति खुशी भए । तब येशूले फेरि तिनीहरुलाई भन्नुभयो, **"तिमीहरुलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो**, त्यसरी म पनि तिमीहरुलाई पठाउँदछु ।" अनि यति भनेर उहाँले तिनीहरुमाथि श्वास फुकेर भन्नुभयो, **"पवित्र आत्मा लेओ** ।"

चेलाहरु फेरि पुनरुथानको दिनमा जन्मेका थिए!

जब हामी येशू ख्रीष्टमा विश्वास गर्छौ र उहाँलाई पाउँछौ तब हामी सबै जना पुनरुथानको जीवनसँग फेरि जन्मन सक्छौ, अनन्त जीवनसँग ।

यूहन्ना ११:२५–२६ येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हे । मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ ।" अनि **जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन** । के तिमी यो विश्वास गर्छौ ?"

चेलाहरुले उनीहरु जहाँ–जहाँ पुगे त्यहाँ पुनरुथानको बारेमा प्रचार गरे : प्रेरित २:२४; ३:१५; ४:२;
रोमी १:४; १०:९

उहाँ अल्फा र ओमेगा हुनुहुन्छ ।

उहाँ जीवनको सुरुवात हुनुहुन्छ

र उहाँ मृत्युको अन्त्य हुनुहुन्छ!

एक जना मानिसद्धारे **संसारमा पाप आयो**, र **पापबाट मृत्यु** । यसरी सबै मानिसले पाप गरेका हुनाले **सबै मानिसमा मृत्यु फैलियो** । व्यवस्था दिइन अघि पनि संसारमा पाप थियो, तर जहाँ व्यवस्था छैन, त्यहाँ पापको लेखा पनि हुँदैन ।

रोमी ५:१२

किनकि जसरी **आदममा सबै मर्दछन्**, त्यसै गरी **ख्रीष्टमा सबै जीवित पारिनेछन्** ।

१ कोरिन्थी १५:२२

आदम अन्त्य हो – येशू ख्रीष्ट सुरुवात हुनुहुन्छ !

१ पत्रुस १:३ परमेश्वर र हाम्रो प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ! उहाँको महान् कृपाले **मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्धारा** एउटा **जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं** । स्वर्गमा तिमीहरुका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन् । आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरु विश्वासद्धारा परमेश्वरको शक्तिबाट सुरक्षीत राखिएका छौ ।

येशू ख्रीष्टमा हामीहरुको लागि नयाँ सुरुवात छ ।

हामी फेरि जन्मन सक्छौ !

येशू ख्रीष्ट हाम्रो नयाँ सुरुवात हुनुहुन्छ !

यसकारण बप्तिस्माद्धारा हामी मृत्यूमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्धारा ख्रीष्ट मरेकाहरुबाट **जीवित** पारिनुभयो, त्यसरी **हामी पनि नयाँ जीवनको मार्गमा** हिंडौं ।

रोमी ६:४

येशू हाम्रो सुरुवात हुनुहुन्छ : सारा अनन्तका लागि :

कलस्सी १:१८ उहाँ शरीर, अर्थात मण्डलीका शिर हुनुहुन्छ, **उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरुबाट जीवित हुनेहरुमा उहाँ ज्येष्ठ** हुनुहुन्छ, ताकि **प्रत्येक कुरामाथि उहाँ सर्बोच्च होऊन्** ।

प्रकाश १:८ “अल्फा र ओमेगा म नै हुँ,” सर्वशक्तिमान् परमप्रभु परमेश्वर भन्नुहुन्छ, जो **हुनुहुन्छ**, जो **हुनुहुन्थ्यो** र जो **आउनुहुनेछ** ।